राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २७५ २०८३ वैशाख २६ गते शनिवार (9 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## धनुषाका सुकुम्बासीहरु आन्दोलित, सडकमा धर्ना, व्यवस्थापनको माँग



दैनिक समाचारदाता
जनकपुरधाम, २५ बैशाख । सुकुम्बासीहरुको सरकार विरुद्धको आन्दोलन विस्तारै काठमाडौं लगायत मधेश प्रदेशको सबै जिल्लामा हुन थालेको छ । मधेशको वीरगञ्जबाट शुरुवात भएको सो आन्दोलन धनुषामा पनि विस्तार रुपमा लिन थालेको छ ।

धनुषाको महेन्द्रनगरमा सुकुम्वासीहरूले जनकपुर(ढल्केवर सडक अवरुद्ध गर्दै विरोध प्रदर्शन गरेका छन् । शुक्रबार बिहान क्षिरेश्वरनाथ नगरपालिकाले सार्वजनिक जग्गा खाली गर्न जारी गरेको सूचनाविरुद्ध उनीहरू आन्दोलनमा उत्रिएका हुन् ।

स्थानीय सुकुम्वासी परिवारहरूले आफूहरू वर्षौंदेखि बसोबास गर्दै आएको ठाउँबाट हटाउन खोजिएको भन्दै सडकमा उत्रेर नाराबाजी गरेका छन् । प्रदर्शनका कारण केही समय सडक यातायात प्रभावित बनेको थियो । आन्दोलनरत स्थानीयहरूले वैकल्पिक व्यवस्थाविना बस्ती हटाउने प्रयास स्वीकार्य नहुने बताएका छन् । उनीहरूले आफूहरूको बसोबासको सुनिश्चितता र उचित व्यवस्थापनको माग गरेका छन् ।

क्षिरेश्वरनाथ नगरपालिकाले भने सार्वजनिक उपयोगका लागि रहेको सरकारी जग्गा अतिक्रमणमुक्त बनाउन सूचना जारी गरिएको जनाएको छ ।

नगरपालिकाले तोकिएको समयभित्र जग्गा खाली नगरे कानुनी प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ ।

पछिल्लो समय देशभर सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण हटाउने अभियान तीव्र बनाइएको छ ।

केही समयअघि काठमाडौंका विभिन्न स्थानमा अनधिकृत बस्ती हटाउन डोजर चलाइएको थियो भने अहिले विभिन्न स्थानीय तहहरूले पनि सार्वजनिक जग्गा खाली गर्न सूचना जारी गरिरहेका छन् ।

सार्वजनिक जग्गा व्यवस्थापनको सरकारी अभियान र दीर्घकालदेखि बसोबास गर्दै आएका सुकुम्वासीहरूको मागबीच विभिन्न स्थानमा तनाव सिर्जना हुन थालेको देखिन्छ ।

## स्कारपियोको ठक्करबाट महिलाको मृत्यु




दैनिक समाचारदाता
जनकपुरधाम २५, वैशाख । ढल्केबर-जनकपुर खडक खण्ड अन्तर्गत धनुषाको लक्ष्मिनिया गाउँपालिका-४, सपहीचोकमा स्कारपियो गाडीको ठक्करबाट स्कुटीमा सवार एक महिलाको मृत्यु भएको छ ।

शुक्रबार ढल्केबरबाट जनकपुरतर्फ गइरहेको बा.प्र. ०१-०३१ च. ९०६३ नम्बरको स्कर्पियोले परीक्षणकालमा रहेको विद्युतीय स्कुटीलाई ठक्कर दिँदा स्थानीय ३० वर्षीया महिला पुनम साहको मृत्यु भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक राजाराम यादवले दुर्घटनामा परेर गम्भीर घाइते भएकी साहलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएकोमा चिकित्सले मृत घोषणा गरेको बताउनुभयो । पोस्टमार्टमका लागि मृतकको शव सोही अस्पतालमा राखिएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार स्कारपियोका चालक विराटनगर महानगरपालिका-७, का ५२ वर्षिय नरेश राठीलाई नियन्त्रणमा लिएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो ।

## धनुषामा यसवर्ष मलको अभाव नहुने

*वीरेन्द्र कर्ण*

जनकपुरधाम, २५ वैशाख । कृषि समाग्री कम्पनी लि.शाखा कार्यालय जनकपुरधामले धानको बेर्ना राख्ने अहिलेको समयमा धनुषा र महोत्तरी जिल्लाको किसानहरुका लागि पर्याप्त मात्रामा मल भण्डारण गरी राखिएको छ । कम्पनीसँग अहिले युरिया एक हजार दुइ सय तेतीस मेटन, डिएपी ६ सय ५६ मेटन, पोटास ३सय ८ मेटन र चुना ०.६२५ मेटन गोदाममा स्टोर गरी राखिएकोले यसवर्ष किसानहरुलाई मलको अभाव नहुने सो कार्यालयका सहायक



प्रमुख बेचन साहले बताउनुभयो ।


२७ पालिकाले धनुषा र महोत्तरीका २१९ सहकारी संस्था मार्फत मल किसानसम्म पुर्‍याउँदै आएकोले यसवर्ष किसानलाई पर्याप्त मात्रामा मल वितरण गरिने सो कार्यालयले जनाएको छ । कम्पनीले २०८२ साउनदेखि चालु आर्थिक वर्षको वैशाख १५ गतेसम्म ४५ करोड ६० लाख १२ हजार ७५३ रुपैया मूल्य बराबरको ३४ हजार ८ सय ७५ मेटन युरिया, डिएपी, पोटास र कृषिचुन वितरण गरेको छ ।

कम्पनीले किसानहरुको सुविधालाई ध्यानमा राखी उन्नत जातका गहुँको विउ, धानको विउ समेत बिक्री गर्दै आईरहेको छ । उन्नत जातका धानको विउ कम्पनीले बिक्री शुरु गरेपछि किसानहरु सो कार्यालयबाट धान खरीद गर्न आकर्षित भएका छन् ।


चुलो, ग्याँस अनि बिजुलीको तार
ध्यान दिएन भने हुन सक्छ ठूलो मार
सुत्नु अघि जाँच गरौं, आगलागी समयमै टारौं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना
दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# पत्रकार र सञ्चारगृहको सम्बन्ध बताउने फिल्म



दर्शकका रूपमा २० वर्षपछि फेरि रनवे म्यागजिनको न्युजरूममा फर्किने अवसर 'द डेभिल वेयर्स प्राडा २' ले दिएको छ। यो फिल्म गत शुक्रबारदेखि विश्वभर प्रदर्शनमा आएको छ। नेपालका हलहरूमा पनि फिल्म लागिसकेको छ।

फिल्मको मुख्य विषयवस्तु पत्रकारिता र फेसन उद्योग छ। महत्वाकांक्षा, करियर र जीवनको सन्तुलन पनि फिल्मको विषयवस्तु नै हुन्।

यदि तपाईं पत्रकारिता गर्नुहुन्छ, मिडिया क्षेत्रमा काम गर्नुहुन्छ वा भविष्यमा आम सञ्चार क्षेत्रमा जोडिन चाहनुहुन्छ भने यो फिल्म तपाईंले 'रिलेट' गर्न सक्नुहुन्छ। त्यस्तै यदि तपाईंको सोख फेसनमा छ भने पनि तपाईंलाई फिल्म हेर्दा पछुतो लाग्दैन।

तर, विश्वभरबाट यो फिल्मलाई लिएर मिश्रित प्रतिक्रिया आइरहेको देखिन्छ।

रटन टोमाटोज, आईएमडीबी जस्ता प्लेटफर्ममा दर्शकहरूले गरेको कमेन्टलाई सर्सर्ती हेर्दा फिल्मको कथामा धेरै गुनासो देखिन्छ। यो फिल्म 'ओरिजिनल प्रिक्वेल जस्तो नभएको' भन्ने उनीहरूको भनाइ छ। तर, फिल्मले मनोरञ्जन दिने, पत्रकारिता र फेसन उद्योगबारे जानकारी दिने, अनपेक्षित राम्रो केमियो रोल जस्ता सकारात्मक प्रतिक्रिया पनि आएको देखिन्छ।




'द डेभिल वेयर्स प्राडा २' कस्तो छ ? यसले पत्रकारिता र फेसनबारे के बोलेको छ ? यी उद्योगभित्र कति गहिरिएर कथा देखाएको छ ? अभिनय कस्तो छ ? यी यावत् विषयबारे चर्चा गर्नुअघि यो फिल्मको पहिलो भागको थोरै चर्चा गरौं, जुन यहाँ आवश्यक पनि छ।

निर्देशक डेभिड फ्रान्केलले निर्देशन गरेको यो फिल्मको पहिलो भाग सन् २००६ मा आएको थियो। फिल्ममा पत्रकारितामा करियर बनाउन खोज्दै गरेकी केटी एन्डी स्याक्स (एन्नी ह्याथवे) को कथा देखाइएको छ।

यसैका लागि एन्डी न्यूयोर्कको विश्व प्रसिद्ध फेसन म्यागजिन रनवेमा अन्तर्वार्ताका लागि जान्छिन्। त्यहाँ उनले रनवेका प्रधानसम्पादक मिरान्डा प्रिस्टली (मेरिल स्ट्रीप) को जुनियर एसिस्टेन्टको रूपमा काम पाउँछिन्। तर, मिरान्डाको कडा मिजास र फेसनमा त्यति अनुभव नभएका कारण उनलाई सुरुमा काम गर्न अप्ठ्यारो हुन्छ।

यद्यपि उनले पत्रकारिता र फेसन बुझ्दै जान्छिन्। र, पछि उनले पत्रकारितालाई 'ड्रिम जब'का रूपमा लिन्छिन्। त्यही अनुसार आफूलाई परिवर्तन पनि गर्छिन्। तर, यसो गर्दा उनको व्यक्तिगत जीवन समेत लथालिङ्ग नै हुन्छ।

यस्तो कथा देखाइएको यो फिल्मको पहिलो भाग फेसन म्यागजिनहरूको चर्चा उत्कर्षमा भएको बेला आएको थियो। यसले गर्दा ग्लामर र यथार्थले भरिएको यो फिल्म कल्ट क्लासिक बन्न पुग्यो। मिरान्डा प्रिस्टलीको भूमिकामा देखिएकी मेरिल स्ट्रीपले त अभिनयका कारण अस्कर नोमिनेसनसमेत पाइन्।

तर, अहिले फेसन उद्योग झन्-झन् परिस्कृष्ट बन्दै जाँदा पत्रकारिता क्षेत्रमा भने नयाँ-नयाँ समस्याहरू आइरहेका छन्। प्रिन्ट मिडियाको ओरालो बाटो, एआईको प्रभाव, प्रविधिमा आएको छलाङ यी यावत समस्या पत्रकारितामा छन्।

फिल्ममा यी विषय केही मात्रामा अटाएका छन्। जुन सकारात्मक छ। मुख्यतः एन्डीको आँखाबाट हामीलाई पत्रकार र पत्रकारिताको दुःख र समस्या देखाइएको छ। अवसर र भविष्य देखाइएको छ। जुन धेरै हदसम्म नेपाली पत्रकारितासँग पनि मिल्न जान्छ।

उदाहरणका लागि, पैसा र जागिर सुनिश्चित नभएकाले एन्डीले तत्कालै अपार्टमेन्ट लिदिँनन्। यो कथा धेरै नेपाली श्रमजीवी पत्रकारको साझा व्यथा नै हो।

एउटा स्टोरीका लागि एन्डीले धेरै मेहनत गर्छिन्। राति अबेरसम्म कार्यालयमा बसेर लेख्छिन्। घर आएर पनि लेख्छिन्। स्रोतहरूसँग भेट्न दौडधुप गर्छिन्। स्टोरी प्रकाशित भएपछि अत्याधिक खुसी हुन्छिन्। व्यववस्थापन पक्षको कमजोरीका कारण स्टोरी डिलिट हुँदा दुःखी हुन्छिन्। यी सबै कुरा एउटा नेपाली पत्रकारले पनि महसुस गर्ने कथा हुन्।

पत्रकारितालाई लिएर एन्डीले केही गजबका कुराहरू पनि भनेकी छिन्। जुन एउटा पत्रकारका लागि प्रेरणाको कुरो हो।

जस्तो, एउटा भाषणमा उनी भन्छिन्, 'जर्नलिजम स्टिल फकिङ म्याटर्स...'

अनि अर्कोमा कामको मूल्य र पत्रकारिताको यथार्थबारे कुरा गर्दै उनी भन्छिन्, 'जस्ट पुट इट अल इन देयर। बिकाउज पिपुल सुड नो। दे सुड नो दियर्स कस्ट। बट ब्याय, आई लभ वर्किङ...'

यसरी एन्डीले वास्तविक पत्रकारको दुःख देखाउँछिन्। अर्कोतिर, उनको आँखाबाटै हामीले न्युज रूमको केही कथा पनि देख्छौं। जस्तोः- कसरी स्टोरी प्लान हुन्छ ? कसरी फेसन सुटिङ हुन्छ ? कसरी सञ्चारगृह चल्छन् आदि ?

यसैगरी हामीले यो फिल्ममा एउटा रिपोर्टर र सम्पादकको सम्बन्ध पनि देख्छौं।पहिलो भागमा एन्डीको अघि मिरान्डा कडा स्वभावकी थिइन्। यसमा पनि मिरान्डा कडा नै देखिएकी छिन्। तर, अघिल्लोको तुलनामा धेरै कम। जुन दर्शकका लागि एउटा विश्वास गर्न नसक्ने कुरो पनि हो। अर्थात् मिरान्डाको पात्रमा निर्देशक डेभिड फ्रान्केलले ठूलो परिवर्तन गरेका छन्।

तर, एउटा स्टोरीलाई लिएर रिपोर्टर र सम्पादकको वैचारिक अभिमत, कहिलेकाहीँ व्यावसायिक सम्बन्धभन्दा हाबी भएको व्यक्तिगत सम्बन्ध पनि फिल्ममा देखाइएको छ।

जस्तो, एक पटक एन्डी मध्यरातमा मिरान्डाको घरमा जान्छिन्। कार्यालयको तनाव लिएर। तर, मिरान्डालाई एन्डीको त्यो 'स्टेप' मन पर्दैन। उनले एन्डीलाई कराउँछिन्। कार्यालयको चिन्ता तिमीले लिने होइन भनेर थर्काउँछिन्।

त्यस्तै, एउटा व्यावसायिक मिडिया विज्ञापनदातासँग कसरी झुक्छन् ? एउटा अन्तर्वार्ता एउटा मिडिया हाउसका लागि कति ठूलो हुन्छ ? सम्पादकीय टिम र सञ्चालकबीच कस्तो मतभेद हुन्छ ? त्यो मतभेदले आउने स्टोरीहरूमा कसरी फरक पर्छ ? यस्ता विषय पनि फिल्ममा छन्।

फेसनको कुरा गर्दा, फिल्ममा देखाइएको मिडिया हाउस नै फेसन म्यागजिनको हो। यसकारण फिल्ममा फेसनको कुनै कमी छैन भन्दा फरक पर्दैन। दर्शकले भरपूर आनन्द लिन पाउँछन्। यतिसम्म कि फिल्ममा लेडी गागाको एउटा केमियो रोल पनि छ। गागाले एउटा फेसन शोमा गीत गाउँछिन्। यो दृश्य आफैंमा रोमाञ्चक छ।तर, फेसनको कुरा एक ठाउँमा छ, त्यो भन्दा बढी अहिलेको समयमा मिडिया उद्योग कसरी धरासायी हुँदै गइरहेको छ, कसरी सम्पादकीय नेतृत्वमा सञ्चालकहरू हाबी भइरहेका छन्, एउटा रिपोर्टर र काम गर्ने सञ्चारगृहको सम्बन्ध कस्तो हुन्छ, कतिसम्मको हुन्छ ? न्यूजरूम भित्रको राजनीति कस्तो हुन्छ ? यी विषय पनि फिल्ममा छन्। जुन पत्रकारका रूपमा दर्शक बनेर जाँदा अझ बढी सान्दर्भिक हुन जान्छ।

पक्कै पनि न्यूयोर्कको एउटा ठूलो अपार्टमेन्टमा न्यूज रुम भएको मिडिया र नेपाली मिडिया फरक छन्। त्यहाँ काम गर्ने र यहाँ काम गर्ने पत्रकार फरक छन्। शैली फरक छ। तर, पत्रकारितामा हुने समस्या साझा छन्। पत्रकारको बेथा करिब समान छन्।

त्यो नजरले हेर्दा आफ्नो मौलिक कथामा कमजोर भए पनि यो फिल्म हेर्नलायक छ। धेरै पत्रकारले एन्डीमा आफैंलाई पाउन सक्छन्। किनकि हरकोही पत्रकार एन्डीझैं बन्न चाहन्छ।

तर, पत्रकारिता क्षेत्रभन्दा बाहिरकोलाई यो फिल्मको कथाले त्यति धेरै नबाँध्न सक्छ। अझ फेसन पनि रूचिको क्षेत्र होइन भने त यो फिल्म उसलाई सबैभन्दा झूर नै लाग्छ।

किनकि मध्यान्तरसम्मको दृश्य यो फिल्मको पहिलो भाग नहेर्ने दर्शकलाई बुझ्न गाह्रै छ। धेरै कथा र घटना पहिलो फिल्मबाट तानिएको छ। सम्बन्धित गराउन खोजिएको छ। र, यसले फिल्म मध्यान्तरसम्म धेरै धिमा हुन पुगेको छ।

तर, यसबाहेक जोहोकीलाई पत्रकारिता बुझ्न भने यो फिल्म राम्रो विकल्प बनेको छ।

किनकि एन्डीले भनेझैं अझै पनि पत्रकारिता समाजलाई आवश्यक छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# अब यी लाखौं स्मार्टफोनमा चल्नेछैन ह्वाट्सएप




लोकप्रिय मेसेजिङ प्लेटफर्म ह्वाट्सएप यो वर्ष लाखौँ स्मार्टफोनबाट बाहिरिने भएको छ। चालु अंग्रेजी वर्ष सन् २०२६ मा मेटाले ह्वाट्सएपको सिस्टम अपडेट गरेसँगै पुरानो मोडेलका लाखौँ एन्ड्रोइड स्मार्टफोनहरूमा ह्वाट्सएप चल्नेछैन।

समाचार अनुसार ह्वाट्सएप अपडेट भएसँगै आगामी सेप्टेम्बर ८ देखि एन्ड्रोइड ६.० भन्दा पुरानो अपरेटिङ सिस्टम भएका स्मार्टफोनहरूमा ह्वाट्सएपले काम गर्नेछैन। अर्थात् जुन फोनमा एन्ड्रोइड ५.० वा ५.१ छ ती स्मार्टफोनमा ह्वाट्सएप पूर्ण रूपमा बन्द हुनेछ।

यद्यपि कम्पनीले यस्तो निर्णय अचानक लिएको होइन। ह्वाट्सएपले निरन्तर रूपमा पुराना डिभाइसहरूको सपोर्ट हटाउँदै जान्छ ताकि स्मार्टफोन प्रयोगकर्ताले नयाँ फिचरहरू र राम्रो सुरक्षासाथ ह्वाट्सएप चलाउन पाउन्। पुराना मोडेलका फोनहरूले प्रायः नयाँ अपडेट सपोर्ट गर्दैनन् र त्यस्ता फोनमा सुरक्षा जोखिम पनि बढी हुन्छ।

ह्वाट्सएपले गर्न थालेको पछिल्लो परिवर्तनको असर विशेष गरी त्यस्ता देशहरूमा बढी देखिन सक्छ जहाँ मानिसहरूले लामो समयसम्म पुराना फोन प्रयोग गर्छन्।

तेश्रो विश्व तथा विकाशोन्मुख देशका धेरै प्रयोगकर्ताहरू अझै पनि ८/१० वर्ष पुराना स्मार्टफोन चलाइरहेका छन्, जसमा नयाँ अपडेटहरू आउँदैनन्। रिपोर्टहरूका अनुसार विश्वभर लाखौँ प्रयोगकर्ताहरू अझै पनि पुराना एन्ड्रोइड संस्करणमा छन्। आगामी सेप्टेम्बरदेखि चाहिँ उनीहरुले ती पुराना फोनमा ह्वाट्सएप चलाउन सक्ने छैनन्।

ह्वाट्सएपले यस बारेमा आफ्नो पोर्टलमा पनि अपडेट सार्वजनिक गरिसकेको छ। कम्पनीका अनुसार सन् २०२६ सेप्टेम्बरदेखि एन्ड्रोइड ६ र त्यसभन्दा नयाँ संस्करणका फोनहरूमा मात्र ह्वाट्सएप चल्नेछ। स्मरण रहोस् सामसुङ ग्यालेक्सी एस ४, नेक्सस ४ तथा एलजी जी टू जस्ता मोडेलहरूमा पहिले नै ह्वाट्सएप सपोर्ट बन्द भइसकेको छ। आगामी सेप्टेम्बरबाट सपोर्ट बन्द हुने फोनका प्रयोगकर्ताहरूलाई ह्वाट्सएपले नोटिफिकेशन पनि पठाउन थालेको छ। जसमा ह्वाट्सएप खोल्दा एउटा डायलग बक्स देखिन्छ। जसमा उक्त एन्ड्रोइड संस्करणमा ८ सेप्टेम्बरदेखि ह्वाट्सएपले काम गर्न बन्द गर्ने उल्लेख छ।

*अब के गर्ने ?*

ह्वाट्सएपका अनुसार एपलाई सुरक्षित र फास्ट बनाइराख्नका लागि यस्तो कदम आवश्यक परेको हो। पुराना अपरेटिङ सिस्टमहरूमा नयाँ फिचरहरू राम्रोसँग काम गर्दैनन्। साथै ती फोनमा सुरक्षा अपडेट पनि नआउने हुनाले ह्याकिङ वा डाटा चोरीको जोखिम बढ्छ।

सोही कारण कम्पनीले अब एन्ड्रोइड ६.० वा त्यसभन्दा माथिका डिभाइसहरूलाई मात्र सपोर्ट गर्नेछ। यसले एपको परफर्मेन्समा सुधार गर्नेछ र प्रयोगकर्ताहरूले नयाँ फिचरहरू पनि निरन्तर पाउँदै जानेछन्।

यदि तपाईंको फोन पनि एन्ड्रोइड ६.० भन्दा पुरानो छ भने तपाईंले छिट्टै ह्वाट्सएपबाट नोटिफिकेशन पाउन सक्नुहुन्छ। यस्तो अवस्थामा तपाईंका लागि दुईवटा विकल्प मात्र छन्। पहिलो यदि तपाईंको फोनमा एन्ड्रोइड ओएस अपडेट गर्ने विकल्प छ भने त्यससलाई माथिल्लो संस्करणमा अपडेट गर्नुहोस्। तर यदि अपडेट सम्भव छैन भने अब तपाईंले फोनमा ह्वाट्सएप चलाउनका लागि नयाँ फोन नै किन्नु पर्ने हुन्छ।

साथै तपाईंले आफ्नो ह्वाट्सएप च्याटहरूको ब्याकअप पनि राख्नु उपयुक्त हुन्छ ताकि तपाईंको डाटा सुरक्षित रहोस्।

*एजेन्सी*

# अभिनेत्री शिल्पा मास्केले गरिन् विवाह



काठमाडौं। अभिनेत्री शिल्पा मास्के वैवाहिक जीवनमा बाँधिएकी छन्। प्रेमी फ्लावर केसीसँग उनले मुस्ताङ पुगेर विवाह गरेकी हुन्। उनले विवाहको जानकारी सामाजिक सञ्जालबाट गराएकी छन्। सधैं प्रकृतिको बिचमा विवाह गर्ने कल्पना गर्दै आएको आफूले सो सपना पुरा गरेको जनाएकी छन्।

उनले लेखेकी छन्, 'कल्पना गरेको एउटा सपना आज हाम्रो जीवनकै सबैभन्दा सुन्दर सम्झनामध्ये एक बनेको छ।'

# 'आँखा'लाई अमेरिकामा दुई रेमी अवार्ड



काठमाडौं। जौन योञ्जनद्वारा निर्देशित फिल्म 'आँखा'ले अमेरिकामा आयोजित वर्ल्डफेस्ट ह्युस्टन इन्टरनेसनल फिल्म फेस्टिभलमा दुई प्रतिष्ठित 'रेमी अवार्ड' जितेको छ।

आयोजक समितिले इमेलमार्फत फिल्मले दुई विधामा अवार्ड जितेको आधिकारिक जानकारी दिएको हो। फिल्मले 'विदेशी फिचर' विधामा उत्कृष्ट हुँदै 'प्लेटिनम रेमी अवार्ड' तथा 'निर्देशन-क्राफ्ट' विधामा 'गोल्ड अवार्ड' प्राप्त गरेको छ।

सन् १९६१ मा स्थापना भएको यो फेस्टिभल विश्वकै पुराना स्वतन्त्र चलचित्र महोत्सवमध्ये एक मानिन्छ। स्टिभन स्पिलबर्ग, जर्ज लुकास, डेभिड लिन्च र आङ लीजस्ता चर्चित हलिउड निर्देशकले पनि आफ्नो करियरको सुरुवाती चरणमा यही महोत्सवबाट रेमी अवार्ड प्राप्त गरेका थिए ।यसअघि 'आँखा'ले ६२औं एसिया प्यासिफिक फिल्म फेस्टिभलमा 'उत्कृष्ट चलचित्र'को उपाधि जितिसकेको छ।

सुकुम्वासी बस्तीमा जीवनयापन गरिरहेका सामान्य मानिसको कथा, सङ्घर्ष र यथार्थलाई मार्मिक रूपमा प्रस्तुत गरिएको यस फिल्ममा स्मिता लामिछाने, पशुपति राई, निशा अधिकारी, आरके मेहता, विजय बराल र बुद्धि तामाङलगायत कलाकारको अभिनय रहेको छ।




काठमाडौं। चलचित्र 'लालीबजार' आजदेखि प्रदर्शनमा आएको छ। उच्च अदालत पाटनले यही वैशाख २३ गते चलचित्र प्रदर्शनमा रोक लगाउने अल्पकालीन अन्तरिम आदेश खारेज गरेसँगै आजदेखि चलचित्र प्रदर्शनमा आएको हो। षट्कोण आर्टस्ले निर्माण गरेको उक्त चलचित्रमा आमा र छोरीको कथा देखाइएको निर्देशक तथा लेखक यम थापाले बताए। उनले भने, 'हामीले एउटा समयको आमा र छोरीको कथालाई लिएर चलचित्र तयार गरेका छौं। आफ्ना सन्तानका लागि आमाले गर्ने सङ्घर्षमै चलचित्र केन्द्रित छ। एउटा परिवारले एकसाथ हेर्न मिल्ने चलचित्र तयार भएको छ।'

चलचित्रमा कलाकार स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, प्रदीप ढकाल, आशा पौडेल, गोविन्द सुनार, आभा आर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारी, जानकी कडायत, निश्चल पन्थी, वीरबल चौधरीलगायतले अभिनय गरे। अभिनेत्री खड्काले आफूलाई वर्षौंसम्म अभिनेत्रीका रुपमा चिनाउने चलचित्र 'लालीबजार' बन्ने बताइ। 'यो चलचित्रको भएको विशेष प्रदर्शनीमा हेर्ने सबैले दिएको प्रतिक्रियाले उत्साहित छु। हामीले यसलाई बनाउँदा सबैलाई महसुस हुने आमा र छोरीको भावनामा आधारित रहेर तयार गरेका छौं', उनले भने। उक्त चलचित्रको पटकथा र संवाद निर्देशक थापा र प्रदीप भट्टराईले संयुक्त रूपमा तयार गरेका हुन्।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# सामुदायिक विद्यालयलाई शुल्क नलिन जनकपुरधाम उपमहानगरको निर्देशन

दैनिक समाचारदाता

जनकपुरधाम, २५ वैशाख । जनकपुरधाम उपमहानगरपालिकाले सामुदायिक विद्यालयहरूलाई विद्यार्थी भर्ना तथा अध्ययन-अध्यापनका नाममा कुनै पनि प्रकारको शुल्क नलिन निर्देशन दिएको छ । उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाद्वारा जारी सूचनामा शैक्षिक सत्र २०८३ सुरु भएसँगै भर्ना प्रक्रिया अघि बढिरहेको अवस्थामा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन-२०७५ र नियमावली-२०७७ अनुसार



निःशुल्क शिक्षाको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरिएको छ। शाखा प्रमुख अन्जु पाण्डेयद्वारा हस्ताक्षरित पत्रमा विद्यालयहरूले विद्यार्थीबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि शुल्क असुल्न नपाइने उल्लेख गरिएको छ। यद्यपि, अभिभावक वा अन्य व्यक्तिले स्वेच्छाले आर्थिक सहयोग गर्न चाहेमा विद्यालयको बैंक खातामार्फत मात्रै सहयोग लिनुपर्ने व्यवस्था गरिएको छ। उपमहानगरपालिकाले प्राप्त सहयोगको स्पष्ट अभिलेख राख्न, सहयोगदाताको विवरण नियमित सार्वजनिक गर्न तथा सम्बन्धित वडा कार्यालय र उपमहानगरपालिकालाई जानकारी गराउन विद्यालय प्रशासनलाई निर्देशन दिएको छ। सामुदायिक विद्यालयमा निःशुल्क शिक्षाको अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले यस्तो निर्देशन जारी गरिएको उपमहानगरपालिकाले जनाएको छ।

# प्रधानन्यायाधीश सिफारिस विरुद्ध रिट दर्तामै आनाकानी

दैनिक समाचारदाता

काठमाडौं, २५ वैशाख । संवैधानिक परिषद्ले प्रधानन्यायाधीश सिफारिस गर्दा वरीयता मिचिएको भन्दै सर्वोच्च अदालतमा दायर गरिएका रिट दर्ता गर्न अदालत प्रशासनले आनाकानी गरेको छ ।




वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता विपिन ढकाल र डा. प्रेम सिलवालले छुट्टाछुट्टै रिट निवेदन पेस गरेका हुन् । संवैधानिक परिषद्को निर्णय प्रथम दृष्टिमै संविधानको आधारभूत मर्मविपरीत रहेको भन्दै रिट दर्ता गर्न खोजिएको वरिष्ठ अधिवक्ता त्रिपाठीले बताएका छन् । मुख्य रजिस्ट्रार, रजिस्ट्रारलगायतसँग छलफल गर्नुपर्ने तथा माथिल्लो तहको आदेश आवश्यक पर्ने कारण देखाउँदै अदालत प्रशासनले रिट दर्तामा ढिलाइ गरेको जनाइएको छ । रिटमा संवैधानिक परिषद्को निर्णय यथास्थितिमा राख्न तथा संसदीय सुनुवाइ प्रक्रिया अघि नबढाउन अन्तरिम आदेश माग गरिएको छ । अधिवक्ता ढकालले वैशाख २४ गते ४८ घण्टाको समयसमेत नदिई बैठक बोलाइएको र प्रधानन्यायाधीशमा गरिएको सिफारिस असंवैधानिक भएकाले बदर गर्नुपर्ने माग गरेका छन् । संवैधानिक परिषद्ले प्रधानन्यायाधीश बन्न योग्यता पुगेका ६ जनामध्ये चौथो वरीयताका डा. मनोजकुमार शर्मालाई सिफारिस गरेको थियो । न्यायाधीश सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाँल डा. शर्माभन्दा वरिष्ठ न्यायाधीश हुन् ।

# जनकपुरमा २४ हजार स्मार्ट लाइसेन्स वितरण हुँदै




दैनिक समाचारदाता

जनकपुरधाम, २५ वैशाख । यातायात व्यवस्था कार्यालय जनकपुरधामले करिब २४ हजार स्मार्ट सवारी चालक अनुमति पत्र (लाइसेन्स) कार्यालयमा प्राप्त भएको जनाएको छ । कार्यालयले शुक्रबार सूचना जारी गर्दै नयाँ, थप श्रेणी तथा नवीकरण गरिएका लाइसेन्स छपाइ भएर आइसकेकाले सम्बन्धित सेवाग्राहीलाई कार्यालयको आधिकारिक फेसबुक पेजमा आफ्नो नाम सुनिश्चित गरेपछि मात्रै लाइसेन्स लिन आउन आग्रह गरेको हो । कार्यालयका अनुसार लाइसेन्स वितरण कार्य बिहान ९:३० बजेदेखि बेलुका ३ बजेसम्म सञ्चालन हुनेछ । भीड व्यवस्थापन तथा सेवाग्राहीको सहजताका लागि फेसबुकमार्फत नाम सार्वजनिक गरिने व्यवस्था गरिएको कार्यालयले जनाएको छ । लाइसेन्स लिन आउँदा सम्बन्धित व्यक्तिले पुरानो सक्कल लाइसेन्स वा सक्कल रसिद अनिवार्य रूपमा साथमा ल्याउनुपर्ने सूचनामा उल्लेख छ । पुरानो लाइसेन्स वा रसिद हराएको अवस्थामा ट्राफिक कार्यालयको सिफारिस पत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । आवश्यक कागजातबिना सेवा उपलब्ध गराउन नसकिने भन्दै कार्यालयले सेवाग्राहीलाई निर्धारित प्रक्रिया पालना गर्न अनुरोध गरेको छ ।

# १५ हजार घुस खाने कर्मचारी विरुद्ध अख्तियारले चलायो मुद्दा

दैनिक समाचारदाता

काठमाडौं २५ वैशाख । वैदेशिक रोजगार विभाग, ताहाचलमा कार्यरत नायब सुब्बा (नासु) हेमबहादुर मस्राङ्गीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

मस्राङ्गीले वैदेशिक रोजगार ठगीसम्बन्धी मुद्दाको प्रक्रियामा सहजीकरण गरिदिने, सेवाग्राहीलाई तारिखमा बस्न नपर्ने तथा मुद्दा नचल्ने निर्णय गराइदिने आश्वासन दिँदै १५ हजार रुपैयाँ घुस लिएको अख्तियारको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ ।

अख्तियारको टङ्गालस्थित कार्यालयबाट खटिएको टोलीले उनलाई सेवाग्राहीबाट १५ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

उनीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम १५ हजार रुपैयाँ बिगो कायम गरी सोही बराबर जरिवाना र कैद सजायको मागदाबीसहित आरोपपत्र दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

# चुनावी वाचापत्र अनुसार नै विद्यार्थी सङ्गठन खारेज : शिक्षामन्त्री



काठमाडौं, २५ वैशाख । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले आफूहरूको चुनावी वाचापत्र अनुसार नै विद्यार्थी सङ्गठन खारेज गरिएको बताउनुभएको छ ।

सिंहदरबार आज सञ्चारकर्मीसँग कुरा गर्दै नेपाल सरकारका प्रवक्ता पोखरेलले आफूहरूको वाचापत्रलाई निर्वाचनका समयमा छलफल भएको र वाचापत्रलाई जनताले अनुमोदन गरी सकेकोले विद्यार्थी सङ्गठन नराख्ने विषयमा थप बहस आवश्यक नभएको स्पष्ट गर्नुभयो ।

'बढी शुल्क लिनेमाथि कारबाही गर्न स्थानीय तह सक्रिय हुनुपर्छ' विद्यालयहरूले तोकिएको मापदण्डभन्दा बढी भर्ना वा वार्षिक शुल्क लिएको गुनासो आएको उल्लेख गर्दै उक्त विषयमा नगरपालिका सङ्घ, गाउँपालिका महासङ्घका पदाधिकारी र उपत्यका मेयर्स फोरमका प्रतिनिधिसँग छलफल भएको बताउनुभयो ।

"तोकिएको मापदण्ड र नियमको कार्यान्वयनका लागि सङ्घ सरकारको कुनै मद्दत चाहिएमा हामी तयार छौँ तर यो मूलतः स्थानीय तहको दायित्वको कुरा हो । नियमन गर्ने निकायले आफ्नो तर्फबाट काम गर्नुपर्छ", मन्त्री पोखरेलले भन्नुभयो । रासस

# मन्त्रिपरिषद् बैठकका निर्णय



दैनिक समाचारदाता

काठमाडौं २५ वैशाख । सरकारले विदेशस्थित १५ जना नेपाली अवैतानिक वाणिज्यदूत तथा 'कन्सल'लाई पदमुक्त गरेको छ । मन्त्रिपरिषद्को आजको बैठकले उक्त निर्णय गरेको हो ।

सरकारका प्रवक्ता शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलका अनुसार बैठकले यही वैशाख २८ गते सोमबार अपराह्न ४:०० बजे बस्ने सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधनका लागि राष्ट्रपतिलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

बैठकले अन्तरराष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि १९३० सम्बन्धी २०१४ को प्रोटोकल नम्बर २९ अनुमोदनका लागि सङ्घीय संसद्समक्ष पेस गर्ने निर्णय गरेको छ ।

त्यसैगरी, अन्तरराष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षणसम्बन्धी महासन्धिको, १९४७ नम्बर ८१ पनि अनुमोदनका लागि संसद्समक्ष पेस गर्ने निर्णय गरेको छ ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४